**मुख्यमन्त्री**

**गण्डकी प्रदेश, नेपाल**

मितिः २०७५/०९/२७

# शुभकामना

नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहको २९७ औं जन्मजयन्तीको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीवहिनी दाजुभाइप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

पृथ्वीनारायण शाहले शुरु गरेको राष्ट्र एकीकरण अभियानको सफलताका कारण आज हामी स्वाधिन, सार्वभौम र आधुनिक राष्ट्रका नागरिकको रूपमा विश्व मानचित्रमा परिचित हुन पाएका छौं । उहाँले नेपालको भौगोलिक एकीकरण गरी भाषिक, जातीय, साँस्कृतिक लगायत अन्य विविधताका बीच मजबुत एकताको आधार तयार गर्नुभयो । त्यही आधारमा टेकेर विभिन्न जनआन्दोलन, जनक्रान्ति पार गर्दै हामी अहिलेको उपलब्धीसम्म आइपुगेका छौं ।

वि.सं. १७७९ साल पौष २७ गते गण्डकी प्रदेशको गोरखा जिल्लामा जन्मनु भएका पृथ्वीनारायण शाह प्रति गण्डकी प्रदेशले अझ गौरवान्वित महशुस गरेको छ ।

नेपालको गौरवशाली इतिहासको अत्यन्त महत्वपूर्ण घटनाक्रमको रुपमा रहेको राष्ट्रिय एकीकरण अभियानका नायक पृथ्वीनारायण शाहको योगदानको उच्च कदर गर्दै उहाँप्रति हार्दिक सम्मान प्रकट गर्दछु । साथै उक्त अभियानमा उहाँसँगै रहेर योगदान पु-याउनुहुने सबै यौद्धाहरूप्रति पनि यस अवसरमा हार्दिक सम्मान प्रकट गर्दछु ।

पृथ्वीनारायण शाहले शुरू गरेको भौगोलिक एकीकरणको जगमा उभिएर समाजवाद तर्फ उन्मूख संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै हरेक नागरिकका लागि संविधान प्रदत्त समान अधिकार, सुरक्षा र सम्मान सहितको समतामूलक समाजको निर्माण गर्दै वर्तमान सरकारले अगाडि सारेको **"समृद्ध नेपाल र सुखी नेपाली"** को नारालाई व्यवहारमा उतार्न सफल हुन सक्यौं भने मात्रै उहाँप्रतिको सच्चा सम्मान हुनेछ ।

...............

**(पृथ्वी सुब्बा गुरुङ)**